नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Pretoria,
The Republic of South Africa

नेपाली राजदूतावास
प्रिटोरिया

## नक्कली कार्य अनुमति (Work Permit) मार्फत नेपालीहरुबाट रकम संकलन भैरहेको बारेको सूचना

दक्षिण अफ्रिकामा वैदेशिक रोजगारमा आकर्षक तलब, सुविधा (मासिक नेपाली रुपियाँ करिब एक लाख वा बढी) सहितको पदमा काम लगाईदिने भनी नक्कली कार्य अनुमति (Work Permit) देखाई विभिन्न प्रलोभनमा पारी मानव बेचबिखन एवं गैरकानूनी आप्रवासनमा संलग्न एजेन्टहरु/गिरोहले १५० भन्दा बढी नेपालीहरुबाट लाखौं रकम संकलन गरिरहेको र त्यस्तो रोजगारीका अवसरहरुका सम्बन्धमा सामाजिक सञ्जालहरुमा भ्रमपूर्ण विज्ञापन सम्प्रेषण भएको जानकारी यस दूतावासमा प्राप्त हुन आएको छ । नेपाली नागरिकहरुलाई वैदेशिक रोजगारमा काम गर्नका लागि अनुमति प्रदान गरिएको भनिएको केही कार्य अनुमतिको आधिकारिकताका बारेमा अनुसन्धान गर्दा त्यस्ता कार्य अनुमति (संलग्न) दक्षिण अफ्रिकी गृह मन्त्रालयबाट जारी नभएको बुझिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

दक्षिण अफ्रिकामा रोजगारमा लगाईदिने वा यहाँबाट युरोप, अमेरिकाका मुलुकहरुमा जानको लागि सहज हुने एवं ती देशहरुमा पठाउन सहयोग गर्ने वा यस्तै अन्य प्रलोभनमा पारी ठूलो रकम लिई नेपाली नागरिकलाई विदेशमा त्याई अलपत्र पार्ने र मानव बेचबिखन, गैरकानूनी आप्रवासन लगायत नेपाल सरकारको प्रचलित कानूनद्वारा निषेध गरिएका कार्यहरुमा संलग्न हुने कार्य कानून बमोजिम दण्डनीय भएको हुँदा यसखाले गैरकानूनी कार्यहरु नगर्न/नगराउन र यसतर्फ सचेत रहन हुन दूतावास अनुरोध गर्दछ ।

**यस सन्दर्भमा दक्षिण अफ्रिका आउन लाग्नुभएका नेपाली दिदीबहिनी तथा दाजुभाइहरुलाई देहायका कुराहरुमा उचित ध्यान, सावधानी अपनाउन हुन समेत दूतावास पुनश्च: अनुरोध गर्दछ ।**

१. दक्षिण अफ्रिकाको सरकारी राजपत्रमा २ अगष्ट २०२२ मा प्रकाशित सूचनाअनुसार विशेष ज्ञान, सीप आवश्यक पर्ने १४० किसिमको दक्ष जनशक्तिको पदमा स्वदेशी नागरिकबाट पदपूर्ति नहुने अवस्थामा मात्र विदेशी नागरिकलाई रोजगारमा लिने कानूनी व्यवस्था रहेको र त्यस्ता पदहरुमा वैदेशिक रोजगारमा यहाँ आउँदा नेपाल सरकारको प्रचलित कानून बमोजिम श्रम स्वीकृति लिएर मात्र आउनु पर्नेछ । उक्त पदहरुको सूची http://www.dha.gov.za/images/PDFs/४७१८२-२-८-CriticalSkillsDHA.pdf लिङ्कमा उपलब्ध रहेको छ ।

२. भारतमा रहेको दक्षिण अफ्रिकाको उच्चायुक्त (High Commission) र कन्सुलेट जनरल (Consulate General) बाट जारी हुने पर्यटक भिसा पर्यटन भ्रमणमा दक्षिण अफ्रिका आउने प्रयोजनको लागि मात्र भएको हुँदा सो भिसाका आधारमा यहाँ रोजगारीजन्य काममा संलग्न हुन पाइने छैन । पर्यटक भिसामा आई कुनै पनि किसिमको रोजगारीमा संलग्न हुने कार्य गैरकानूनी भएकाले त्यस्तो कार्यमा संलग्न व्यक्तिहरुलाई सम्बन्धित दक्षिण अफ्रिकी निकायले पक्राउ गरी कानून बमोजिम दण्ड, जरिवाना गराई वा थुनामा राखी देश निकाला (Deportation) गर्नेछ ।

३. कुनै पनि मुलुक जानको लागि सम्बन्धित मुलुकको भिसा आवश्यक पर्ने हुँदा दक्षिण अफ्रिकाबाट युरोप, अमेरिका लगायतका देशहरुमा जान सजिलो हुने कुरा भ्रामक र मिथ्या भएकाले भिसा सम्बन्धी जानकारीका लागि सम्बन्धित देशको नियोग वा ती मुलुकहरु हेर्ने विदेशस्थित नेपाली नियोगहरुमा सम्पर्क गरी आधिकारिक जानकारी लिन उपयुक्त हुनेछ ।

४. उल्लिखित विषयहरु लगायतका सम्बन्धमा कुनै जानकारी लिनुपरेमा दूतावासको ईमेल eonpretoria@mofa.gov.np वा Whatsapp सहितको हटलाईन नम्बर (००२७७६५०९३९४१) मा सम्पर्क गर्न सकिनेछ ।

नेपाली राजदूतावास
प्रिटोरिया
८ जेठ २०८०

DEPARTMENT OF HOME AFFAIRS
IMMIGRATION DEPARTMENT

REPUBLIC OF SOUTH AFRICA

HOLO
GRAM

KASA NO. KS66CP6328829 Date: 19th April 2023

**WORK PERMIT TYPE GWV**

For foreigner in South Africa

According to rule no. 363 sec9(H) of 2008 of the labor law on employment in a private sector company category of (CLSS) administrative code of 397BM
Considering the application of M/S kasereka construction INC.
Issued a work permit in South Africa for
MR/MS/MISS/MRS. [redacted]

Citizen of Nepal

Passport no: [redacted]

On the basis of contract of 12 month

Work permit valid 365 days from the date of entering to South Africa via any immigration check point

| IMDSA |
|---|
| Attests is the Signature of of the |
| authorised Signatory of .................. |
| Registered a under File no.................. |
| Legalisation no............date.............. |
| Place ..........Signature.................. |
| Secretary |

Benone fisuwai
Secretary (Immigration, Capetown)